जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२३५/१३७७

दर्ता मिति :– २०७०/०७/२०

मुद्दा :– **केही सार्वजनिक अपराध**

निर्णय नं.१५४०, मिति :– २०७१/१०/१५

| वादी | प्रतिवादी |
|---|---|
| सुजाता कंडेलको जाहेरीले<br>नेपाल सरकार..........................१<br>निजको प्रमाण...........................<br>साक्षी जाहेरवाला सुजाता कंडेल<br>कागज.................................... | रामकृष्ण पराजुलीको छोरा, जिल्ला गुल्मी, अर्जे गा.वि.स.,वडा नं.७ घर भई का.जि. किर्तिपुर न.पा.-२ बस्ने वर्ष ३० को **कुलचन्द्र पराजुली**..........................................................१<br>निजको प्रमाण<br>साक्षी ........................................................................<br>कागज ........................................................................ |

**यस कार्यालयबाट बुझेको**

प्रमाण.......................................
.....
साक्षी......................................
.....
कागज -------------------------
--

केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–

१. मिति २०७०।६।२३ गते आवश्यक कारवाहीको लागि मानिस र सक्कलै निवेदन कागजातहरु पठाइएको भन्ने व्यहोराको महानगरीय प्रहरी परिसर, काठमाण्डौ, महिला तथा वाल वालिका सेवा केन्द्र कालिमाटीको पत्र ।

२. मलाई कुलचन्द्र पराजुलीले पहिला/पहिला देखि फोन गरेर सताउने, मिसकल गर्ने विभिन्न धाक धम्की दिने, भनेको नमाने परिवार नै सिध्याई दिन्छु भनेर दुःख हैरानी दिदै आएकोमा पुनः मिति २०७०।६।१५ गते देखि ऐ.१७ गतेका दिन वेलुका ६.३० बजेको समयमा का.जि.कलंकी स्थित सार्वजनिक स्थलमा

अपहरण गर्ने मनसायले घर बाहिर आई आक्रमण गर्ने, भनेको नमाने मार्छु, काट्छु भनी धाकधम्की दिने, रकम माग गर्ने, गाली गलौज वेइज्जत गर्ने, दुःख हैरानी दिएको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको सुजाता कंडेलको जाहेरी दरखास्त ।

३. मैले जाहेरवालाको नम्वर कोही कसैबाट पाएको होइन, मैले मोवाइलमा आफुखुसी नम्वर गेस गरी डायल गरेको हुँ । सोही पश्चात् हाल नाम थाह पाएका जाहेरवालासँग फोनमा सम्पर्क भएको हो । जाहेरवाली मसँग घुमफिर भएकी व्यक्ति हुन् । लगभग १ बर्षदेखि निज मसँग नबोल्ने, रिसाउने गरेको हुँदा निज मसँग किन रिसाएकी भनेर फोन गरी सौधदा मलाई विवाह गर, भेटघाट नगरौं भनिन् । हामी घुमफीर गरेको र अन्य सम्बन्ध पनि भई सकेकोले टोल छिमेकमा नराम्रो हुन्छ भन्दा निजले मेरो कुरा नसुनेकाले आवेशमा आई मैले  निजलाई फोनमा अश्लिल शव्द वोली गाली गलौज गर्ने, धाक धम्की दिएको हुँ । मिति २०७०।६।१७ गते पुनः भेटघाट हुँदा मैले बोल्न खोज्दा नबोलेकाले गाली गलौज, धाक धम्की दिएको हुँ । मैले अपहरण गरेको छैन । फिरौती माग गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी कुलचन्द्र पराजुलीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।

४. जाहेरवालीलाई हाल नाम थाह भएका व्यक्तिले फोन गरी सताउने, मिसकल गर्ने, विभिन्न धाक धम्की दिने, भनेको नमाने परिवार नै सिध्याई दिन्छु भनेर दुःख हैरानी दिदै आएको र पुनः मिति २०७०।६।१५ गते देखि ऐ.१७ गतेका दिन वेलुका ६.३० बजेको समयमा का.जि.,कलंकी स्थित सार्वजनिक स्थानमा अपहरण गर्ने मनसायले घर बाहिर आई आक्रमण गर्ने भनेको नमाने मार्छु, काट्छु भनी धाक धम्की दिने, रकम माग गर्ने, गाली गलौज बेइज्जत गर्ने, दुःख हैरानी दिने गरेको भन्ने मैले सुनी थाह पाएको हुँ भन्ने व्यहोरा बुझिएका मानिसहरुको वयान कागज ।

५. मिसिल संलग्न कागजातहरु समेतका आधार प्रमाणहरु र प्रतिवादी कुलचन्द्र पराजुलीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानमा जाहेरवालीलाई फोन गरेको, सार्वजनिक स्थलमा अपहरण गर्ने मनसायले घर बाहिर आई आक्रमण गर्ने, भनेको नमाने मार्छु काट्छु भनी धाक धम्की दिने लगायतका कामकाज गरेको भन्ने समेतका व्यहोरा खुल्न आएको हुदा प्रतिवादी कुलचन्द्र पराजुलीको उक्त कार्य केही सार्वजनिक (अपराध र सजाँय ) ऐन,२०२७ को दफा २ को खण्ड (क),(ख),(ग) (छ),(झ) र (ज) विपरितको कसूर अपराध भएकोले निज प्रतिवादी कुलचन्द्र पराजुलीलाई उक्त कसूरमा सोही ऐनको दफा ६(१)  बमोजिम सजाँय हुन मागदावी लिई पेश भएको अभियोग-पत्र ।

६. जाहेरवाला सुजाता कंडेललाई २०६४ साल भन्दा अगाडि चिनजान थिएन । उक्त साल असोजमा निजको ९८४१५८८०४० बाट मिसकल आयो,सो मिसकलको खोजी गर्दा चिनजान भयो । त्यसपछि डेढ वर्षसम्म टेलिफोन सम्पर्क भै रह्यो । २०६५।१०।१० गते हाम्रो पहिलो पटक प्रत्यक्ष भेट भयो र सगैं चितवन गयौ । चितवनमा उ सानीआमाको घरमा गइन्, म मेरो आफन्तकोमा बसे, भोलिपल्ट सँगै काठमाण्डौं फर्कियौं । सम्वन्ध बढ्दै गएपछि मैले विवाहको प्रस्ताव गरें, निजले सो प्रस्ताव स्वीकार गरिन्, त्यसपछि हाम्रो सम्वन्ध चलिरह्यो । मैले निजलाई चेक मार्फत र नगद गरी रु १२,४०,०००।- दिएको थिंए । सो समेत फिर्ता भयो । २०६९ साल वैशाख देखि निजले जागिर गर्न लागिन् । त्यसपछि असाढ देखि निजको व्यवहारमा फरक आउन लागेकोले हाम्रो सम्वन्धमा केही चेन्ज भयो । मैले उसलाई चेन्ज हुनको कारण वारे सोधपुछ गर्दा सम्वन्ध विग्रदै गयो । निजले २०६९ साल चैत्रमा निजले प्रहरीको महिला सेलमा उजुर गरिन्, त्यहाँ हाम्रो मिलापत्र भयो । मिलापत्रमा अवदेखि फोन SMS नगर्ने भन्ने भयो । २०७०।६।१५ गते निजलाई मैले निजको बोससँग बल्खु भन्दा अगाडि देखें, मैले केही प्रतिक्रिया गरिन । निजको पछि लाग्यो भनेर मलाई निजले उजुर गरेकी होलान् । मैले निजलाई बलात्कार गर्ने प्रयास गरेको होइन । निजको नग्न फोटोहरु म सँग छैन । मैले ब्ल्याकमेलिङ्ग

गरेको होइन । अपहरण गर्छु, मार्छु, काट्छु भनेको होइन । निजले पठाएको SMS Email हरु आवश्यक परे पेश गर्ने छु भन्ने समेत व्यहोराको प्रतिवादी कुलचन्द्र पराजुलीले यस कार्यालयमा गरेको वयान ।

७. अभियोग इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी कुलचन्द्र पराजुलीले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं. ११८ को देहाय ५ नं. अनुसार रु २८,०००।- नगदै वा जेथा जमानत राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७०/०७/२१ को यस कार्यालयको आदेश ।

८. मेरो नामबाट मिति २०७०।६।२० मा श्रीमान् सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लैङ्गिक सशक्तिकरण समन्वय इकाईमा दिएको निवेदनको व्यहोरा पढी बाची सुनी पाए, उक्त निवेदन मैले नै दिएकी हुँ, सो मा भएको व्यहोारा मेरै हो । तपाई र मेरो बीच अव उप्रान्त यस्तो कृयाकलाप गर्ने छैनौ भनी २०६९ चैत्रमा कालिमाटी प्रहरी वृत्तमा मिलापत्र भई सके पछि पनि पटक/पटक विभिन्न फोनबाट धम्की दिने, रकम माँग गर्ने, SMS गर्ने, अपहरण गर्ने र मेरो गतिविधिमा निगरानी राख्ने कार्य गरी मलाई आतंकित पार्ने काम निरन्तर रुपले भई रहेकोले मैले बाध्यतावस: भएको तथ्य व्यहोरा लेखी जाहेरी दरखास्त दिएकी हुँ, जाहेरीमा भएको व्यहोरा झुट्ठा होइनन् भन्ने समेत व्यहोराको जाहेरवाली सुजाता कंडेलले मिति २०७०।९।१८ मा यस कार्यालयमा गरेको वकपत्र र सोही वकपत्रमा जाहेरी दरखास्तमा लेखिए अनुसार मैले तपाईलाई धाकधम्की दिने, रकम माग्ने,अपहरण गर्ने जस्ता कुनै क्रियाकलाप नगरेको र हामी बीच ०६९ चैत्र महिनामा कालिमाटी प्रहरी वृत्तमा मिलापत्र भई सकेपश्चत मेरो नाममा झुट्ठा जाहेरी किन दिनु भएको हो भन्ने प्रतिवादी कुलचन्द्र पराजुलीले गरेको जिरह सहितको वकपत्र ।

## यस कार्यालयको ठहर

नियम बमोजिम मुद्दा पेशी सुचिमा चढी निर्णयार्थ ईजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा जाहेरवाला सुजाता कडेंललाई प्रतिवादी कुलचन्द्र पराजुलीले फोन गरेर सताउने, मिसकल गर्ने, विभिन्न धाकधम्की दिने, भनेको नमानेमा परिवार नै सिध्याई दिन्छु भनी दुःख हैरानी दिदै आइरहेकोमा मिति २०७०।६।१५ गते देखि ऐ.१७ गतेसम्म वेलुका ६.३० बजेको समयमा का.जि. कलंकीमा अपहरण गर्ने मनशायले घरबाहिर आई आक्रमण गर्ने, भनेको नमाने मार्छु, काट्छु भनी धाकधम्की दिने,रकम माग गर्ने, गाली गलौज वेइमानी गर्ने, दुःख हैरानी दिने कार्य गरी केही सार्वजनिक (अपराध र सजाँय ) ऐन,२०२७ को दफा २ को खण्ड (क), (ख),(ग) (छ), (झ) र (ज) वमोजिमको कसूर अपराध गरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग मागदावी रहेछ ।

यसमा प्रतिवादीले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, कसुर गरेका भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न कागजातहरु अध्ययन गरी अव निर्णयतर्फ विचार गर्दा यिनै जाहेरवाला सुजाता कंडेलले यिनै प्रतिवादी कुलचन्द्र पराजुली उपर महिला हिंसा सम्वन्धी कारवाहीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लैङ्गिक सशक्तिकरण समन्वय इकाईमा मिति २०७०।६।२० मा दिएको निवेदनमा जाहेरवालाको प्रतिवादीसँग वि.सं. २०६४ सालदेखि चिनजान भई २०६५ माघमा काठमाण्डौबाट संगै चितवन गई भोलिपल्ट काठमाण्डौं फर्केको, त्यसको केही समय पश्चात् विभिन्न

शारीरिक तथा मानसिक यातनाहरु दिदै आएको, २०६५ सालमा वलात्कारको प्रयास गरेको, अश्लिल SMS हरु पठाएको, २०६९ वैशाखमा विभिन्न त्रासहरु देखाई अपरिचित काठमाण्डौंका गल्लीहरुमा घुमाएको, २०६९ फाल्गुणमा अन्य व्यक्ति लगाएर पिछा गरेको र धम्की दिएको, २०६९।१२।२ मा आफुले राष्ट्रिय महिला आयोगमा उजुरी दर्ता गराई नेपाल प्रहरीको महिला तथा वालवालिका सेवा केन्द्र कालिमाटीबाट २०६९।१२।४ मा दुईपक्षबीच संझौता भएकोमा पुनः २०७०।६।१५ गते साँझ निजले वाइकमा पिछा गरेकाले २०७०।६।१६ मा राष्ट्रिय महिला आयोगमा उजुरी दर्ता गराएको । पुनः असोज १५-१७ मा आफ्नो घर बाहिर आई प्रतिवादीले आक्रमण प्रयास गरेको भन्ने व्यहोरा उल्लेख गरेको देखियो । मिति २०७०।६।२४ मा दायर भएको जाहेरी दरखास्तमा विपक्षी कुलचन्द्र पराजुलीले वारम्वार धाकधम्की दिने गरेको भनी उल्लेख गरेको रहेछ ।

अनुसन्धानका क्रममा प्रतिवादी कुलचन्द्र पराजुलीले बयान गर्दा जाहेरवालासँग ७ वर्ष अघि चिनजान भएको, राम्रो बोलचाल भएको, सँगै घुमफिर गरेको, १ वर्ष पहिलेदेखि निजले मसँग नवोल्ने, रिसाउने गरेकोले फोन गर्दा तिमी विहे गर, आफ्नो बाटो लाग, म आफ्नो बाटो लाग्छु, भनेको र आफुहरु बीच शारीरिक सम्वन्ध समेत भएको कुरा संझाउदा नसुनेकोले आवेगमा आई अश्लिल शव्द वोली धाकधम्की दिएको हुँ । परिवारलाई सिध्याई दिन्छु भनेको होइन, जाहेरवालीलाई मिसकल गरी हैरानी दिएको छैन भनी खुलाई यस कार्यालयको वयानमा जाहेरवालीसँग चिनजान भएपश्चात् आफुले विवाह प्रस्ताव राखेको, निजले प्रस्ताव स्वीकारेको र सम्वन्ध चलिरहेको, जाहेरवालीलाई आर्थिक सहयोग गरेको र सो रकम फिर्ता पनि भएको, २०६९ बैशाख देखि जाहेरवालीको व्यवहारमा परिवर्तन आएका कारण सम्वन्ध विग्रँदै गएको, २०७०।६।१५ गते निजलाई मैले निजको बोससँग बल्खु अगाडि देखेको, आफुले केही प्रतिक्रिया नगरेको, सोही विषयमा जाहेरवालीले उजुरी गरेको, जाहेरवाली र आफुबीच भएको SMS आफुसँग भएको भनी पेश गरेको पाइयो ।

जाहेरवाली सुजाता कंडेलले यस कार्यालयमा उपस्थित भई आफुले दिएको जाहेरी र उजुरीको व्यहोरा आफ्नै भएको भनी सनाखत गरी वकपत्र गरेको देखिन्छ ।

माथि विवेचना गरिएका तथ्यहरु विश्लेषण गर्दा जाहेरवाली र प्रतिवादी बीच २०६४ सालदेखि चिनजान र विशेष सम्वन्ध रहेको, निजहरु संग-साथ वेला वेला घुमफिर गरेको, आर्थिक सरसापट लेनदेन भएको, विवाहको योजना रहेको तर २०६९ बैशाखदेखि यी दुइबीच सम्वन्ध विग्रेको देखिन आयो । प्रस्तुत मुद्दाका सम्बन्धमा निम्न विश्लेषण गर्नु सान्दर्भिक देखन आयो ।

१. जाहेरवाला सुजाता कंडेलले मिति २०७०।६।२० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दर्ता गरेको निवेदन (द.नं. २२) मा यी प्रतिवादीबाट भएका भनिएका कृयाकलापहरुको श्रृंखला वि.सं. २०६४ सालदेखि नै शुरु भएको भनिएको छ र प्रतिवादीबाट मिति २०७०।६। १५ देखि ऐ १७ सम्म भएको भनी दावी गरिएको कृयाकलापलाई निरपेक्षरुपमा नहेरी पुरानै कृयाकलापसँग जोडेर विश्लेषण गर्नु न्यायोचित देखिन आयो । *कुलचन्द्र पराजुलीले मिति २०७०।६।१५ देखि ऐ १७ गतेसम्म मेरो अपहरण गर्ने मनसायले सार्वजनिक स्थलमा मेरो घर बाहिर आई आक्रमण गर्ने कोशिश गरेको* भनी

जाहेरीमा उल्लेख भएको देखिन्छ । केही अपवाद बाहेक कुनै पनि अपराध हुनु अघि अपराधीले ४ वटा चरण पार गरेको हुन्छ । सबभन्दा पहिला कुनै अपराध गर्ने सम्बन्धमा आपराधिक सोच अर्थात् मनसाय (Means rea/Intention) को विकास हुन्छ । क्रमशः तयारी (Preparation), अपराधको प्रयास (Attempt) र र अन्तमा पूर्ण अपराध (Actus Reus) गर्दछ । Actus reus को निश्चित समय र स्थान हुन्छ । यस वारदातमा १५ गते देखि १७ गतेसम्म ३ दिनको समयावधी भनी निश्चित समय किटान हुन सकेको छैन । *१५ गतेदेखि प्रतिवादीले अपहरण गर्ने मनसायले आक्रमण गर्ने कोशिश* गरेको भए त्यस अवधिमा जाहेरवालाबाट आफ्नो बचाउ र सुरक्षाका लागि प्रयासहरु जस्तोः टोल छिमेकमा हार गुहार, अन्य आफन्तहरुलाई खबर/जानकारी, नजिकको सुरक्षा निकायलाई जानकारी आदि गरे गराएको हुनु पर्थ्यो । सञ्चार तथा यातायातको पर्याप्त सुविधा भएको अवस्थामा पनि जाहेरवालाबाट उक्त प्रयासहरु भएको देखिएन । अर्कोतर्फ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा (३) को उपदफा (१) मा *कुनै अपराध भएको वा भई रहेको वा हुन लागेको छ भन्ने कुरा थाह पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफुसँग भएको वा आफुले देखे जानेसम्मको सबुत प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ* भन्ने उल्लेख भएकोले उक्त दफामा प्रयुक्त ***यथाशीघ्र*** शब्दावलीले जती सक्दो छिटो (As soon as possible) प्रहरीमा जानकारी दिनु पर्ने किटानी गरिदिएको मान्नु पर्ने हुन्छ । तर जाहेरवालाले वारदात भएको भनिएको मिति भन्दा ६ दिन पछि मात्र जाहेरी लेखी सातौं दिन अर्थात् २०७०।६।२४ गते जाहेरी दर्ता गराएको देखिएकाले माथि उल्लेखित कानुनी व्यवस्थाको अनुसरण नभई अनुचित विलम्व गरेको देखिन आयो । **कुनै वारदातको वारेमा वारदात हुनासाथ जाहेरी नदिई केही विलम्व गरी पछिबाट सोचविचार गरी किटान गरी दिएको After Thought Statement जाहेरीलाई प्रमाण मूल्याकंनको रोहमा उच्चस्तरको प्रमाण मान्न मिल्ने देखिदैन र त्यस्तो जाहेरी व्यहोरालाई प्रमाणित गर्ने गरी भएका वकपत्र व्यहोरा समेतलाई सोही वमोजिम हेर्नु पर्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको छ (जागेश्वर कामैत वि. नेपाल सरकार, मुद्धाः कर्तव्य ज्यान, नि.नं. ८५२५,ने.का.प. २०६७, चैत्र, पृष्ठ २१०१) । त्यसै गरी **जाहेरी व्यहोरा प्रमाण ग्राह्य हुनका लागि त्यसलाई अन्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन आवश्यक देखिन्छ । सो का अलवा जाहेरी पनि युक्तियुक्त रुपमा विश्वसनीय देखिनु आफैमा अपरिहार्य पनि हुन्छ । जाहेरी व्यहोरा यथार्थपरक हुनका लागि महत्वपूर्ण तत्व भनेको सो जाहेरी वारदात भएको समयदेखि अनुचित विलम्व गरी दायर गरेको हुनु हुदैन । अनुचित विलम्व गरी दिइएको जाहेरी व्यहोरालाई प्रमाण मूल्याकंनको कसीमा खरो उत्रनका लागि अन्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन जरुरी हुने** भनी ऐ. मा बोलिएकोसमेत पाइएकाले जाहेरवालाको जाहेरी कथन विश्वसनीय र यथार्थपरक देखिन आएन ।

२. अनुसन्धानको क्रममा बुझिएका मानिसहरुले *हाल नाम थाह भएका व्यक्तिले फोन गरी सताउने, मिसकल गर्ने, विभिन्न धाक धम्की दिने, भनेको नमाने परिवार नै सिध्याई दिन्छु भनेर दुःख हैरानी दिदै आएको र पुनः मिति २०७०।६।१५ गते देखि ऐ.१७ गतेका दिन वेलुका ६.३० बजेको समयमा का.जि.,कलंकी स्थित सार्वजनिक स्थानमा अपहरण गर्ने मनसायले घर बाहिर आई आक्रमण गर्ने, भनेको नमाने मार्छु, काट्छु भनी धाक धम्की दिने, रकम माग गर्ने, गाली गलौज बेइज्जत गर्ने,*

*दुःख हैरानी दिने गरेको भन्ने मैले सुनी थाह पाएको* भनी खुलाएकाले खुलाएका कुराहरु वारदातको सम्बन्धमा स्पष्ट रुपमा देखे जानेको नभई सुनी थाह पाएकोसम्म देखिदा उक्त कथनहरु Hearsay Evidence भएकाले प्रामाणिक महत्वका देखिएनन् ।

३. जहाँसम्म अभियोग माग दावी लिइएको केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ (ख), (ग), (छ) (ज) र (झ) छ सो सम्बन्धमा विश्लेषण गर्दा ऐ दफा २ (ख) मा *सार्वजनिक स्थानमा कुटपीट वा हुल हुज्जत गरी शाान्ति भंग गर्ने,* ऐ (ग) मा *सार्वजनिक स्थानमा अश्लील बोली, बचन, ईशारा प्रयोग गरी शान्ति भंग गर्ने वा अश्लील प्रदर्शन गर्ने,* ऐ (ज) मा *सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने,* ऐ (झ) मा *कसैलाई हैरानी गर्ने वा सताउने हेतुले कहीं बसीरहेको अवस्थामा वा बाटोघाटोमा हिंडिरहेको वा सवारीमा गई रहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेक थुन ( घेराउ) गर्ने वा हुलहुज्जत, हातपात, कुटपीट, बिजाई वा उपद्रयाँई गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुर्‍याउने* आदि कृयाकलापहरुका सम्बन्धमा मात्र उल्लेखित उपदफाहरु आकर्षित हुने देखियो । प्रतिवादीबाट भएका भनिएका कृयाकलापहरु अभियोग पत्रमा दावी लिइएको केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ (ख), (ग), (छ) (ज) र (झ) सँग सम्वन्धित देखिन आएन । **वादी दावी भन्दा बाहिर गई वा वादीले दावी लिएको भन्दा बढी विषयमा अदालतले निर्णय गर्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजिरसमेत प्रतिपादन भएकोले (ने.का.प., २०५०, अंक ९, नि.नं. ४७९६) अन्य केही बोली रहन न्यायोचित पनि देखिएन । तसर्थ माथि प्रकरण १, २ र ३ मा गरिएको विवेचनाहरुका अधारमा प्रतिवादी कुलचन्द्र पराजुलीले केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ (ख), (ग), (छ) (ज) र (झ) बमोजिम कसुर गरेको भन्ने तथ्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन सकेन । निज प्रतिवादीले अभियोग मागदावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

<u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी कुलचन्द्र पराजुलीले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले निजले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७०।७२१ मा यस कार्यालयमा राखेको धरौट रकम रु. २८,०००/- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु...........................................................१
प्रस्तुत फैसलामा चित्त नबुझे सो को ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी र म्याद दिनु ....२
सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.......३
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .......................................................४

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

..................................
(एकनारायण अर्याल)
प्रमख जिल्ला अधिकारी

इति सम्वत २०७१ साल माघ १५ गते रोज ५ शुभम्......................

प्रशासकीय अधिकृतः कृष्ण गैह्रे